## अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२/०४/०९ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरणः-

| सि.नं | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु रमेशबहादुर दाहाल, निरज कुमार झा र राम विलास यादव मु.नं (०७९-CR-००७६) फैसला मिति २०८०।१२।२७ | गैरकानुनी लाभ वा हानी पुऱ्याउने बदनियतले काम गरी भ्रष्टाचार गरेको। | **आयोगको माग दावी**<br>• प्रतिवादीहरु श्री माध्यमिक विद्यालयका तत्कालीन प्रधानाध्यापक रामविलास यादव, शिक्षा विकास तथा समन्वय इकाई सुनसरीका तत्कालीन सब इन्जिनियर निरज कुमार झा, शिक्षा विकास तथा समन्वय इकाई सुनसरीका तत्कालीन कार्यालय प्रमुख उप-सचिव रमेश बहादुर ले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ग) र (ङ) बमोजिम कसुर गरेको पुष्टी हुन आएको हुँदा निज प्रतिवादीहरु श्री माध्यामिक विद्यालयका तत्कालिन प्रधानाध्यापक रामविलास यादव, शिक्षा विकास तथा समन्वय इकाई सुनसरीका तत्कालिन सव इन्जिनियर निरज कुमार झा, शिक्षा विकास तथा समन्वय इकाई सुनसरीका तत्कालिन कार्यालय प्रमुख उप-सचिव रमेश बहादुर दाहाललाई उल्लेखित कसुरमा बिगो रु.१,८६,७६५।९६ (एक लाख छयासी हजार सात सय पैसठी रूपैया र छयानव्वे पैसा) कायम गरी सोहि ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र जरिवाना सजाय गरी विगो रू. १,८६,७६५।९६ (एक लाख छयासी हजार सात सय पैसठी रूपैया र छयानव्वे पैसा) समेत सोहि ऐनको दफा ८ को उपदफा (१) बमोजिम निज प्रतिवादीहरुवाटै असुल उपर हुन माग दाबी लिइएको देखिन्छ।<br>• प्रस्तुत मुद्दामा प्रतिवादीहरु रमेशबहादुर दाहाल, निरज कुमार झा र राम विलास यादवले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ (२) बमोजिमको कसुर समेत गरेको देखिँदा निज प्रतिवादीहरु श्री माध्यामिक विद्यालयका तत्कालिन प्रधानाध्यापक राम विलास यादव, शिक्षा विकास तथा समन्वय इकाई सुनसरीका तत्कालिन सव इन्जिनियर निरज कुमार झा र शिक्षा विकास तथा समन्वय इकाई सुनसरीका तत्कालिन कार्यालय प्रमुख उप-सचिव रमेश बहादुर दाहाललाई उल्लेखित कसुरमा सोही ऐनको दफा १९(२) बमोजिम कैद र जरिवाना सजाय हुन समेत माग दावी लिइएको अवस्था देखिन्छ ।<br>•<br>**अदालतको फैसला**<br>• प्रतिवादीहरु रमेशबहादुर दाहाल, निरज कुमार झा र राम | **फैसलाः**<br>प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>• बदनियत पुष्टि हुन वस्तुगत रुपमा तथ्यगत परिस्थितिको आधार Objective factual circumstance बाट देखिनुपर्नेमा प्रस्तुत मुद्दामा सो अवस्था नदेखिएको।<br>• केही शीर्षकमा बढी कार्य भएकोसमेत देखिएको परिप्रेक्ष्यमा यी प्रतिवादीहरुले विद्यालयको छात्रा शौचालय निर्माण कार्यमा बदनियतपूर्वक कम कार्य गरेको भन्ने देखिन नआएको। | • **प्रस्तुत मुद्दामा** प्रदेश नं. १ को सामाजिक विकास मन्त्रालयवाट श्री माध्यमिक विद्यालयमा छात्रा शौचालय निर्माण गर्न विनियोजित रकम रू. ५,००,०००।- (पाँच लाख) शिक्षा विकास तथा समन्वय ईकाई सुनसरी मार्फत विद्यालयसंग मिति २०७५।१२।२४ मा सम्झौता गरी रू. ५,००,०००।- (पाँच लाख) विद्यालयको खातामा रकम निकासा भएको र छात्रा शौचालय निर्माण कार्यको सम्झौता बमोजिम सो छात्रा शौचालय निर्माण कार्य मिति २०७६।०२।१५ गते भित्र सम्पन्न गरी सक्नु पर्नेमा तत्कालिन प्रधानाध्यापक राम विलास यादवले सो शौचालय सम्झौता अवधि २०७६।०२।१५ सम्ममा सम्पन्न गरेको पनि नदेखिएको साथै नियमानुसार म्याद थप गरेको भन्ने समेत नदेखिरहेको र योजनाको लागत अनुमान रू. ५,२३,६२१।५४ (पाँच लाख तेइस हजार छ सय एक्काइस रूपैया र चौवन्न पैसा) भएकोमा सो कार्यको कार्य सम्पन्न प्रतिवेदनमा रू. ५,२३,६२१।५४ (पांच लाख तेइस हजार छ सय एक्काइस रूपैया र चौवन्न पैसा) खर्च भएको देखिन्छ भने कार्यालयवाट सोही कार्य सम्पन्न प्रतिवेदनका आधारमा रु ५००,८८३।७२ रकम भुक्तानी भएको भन्ने देखिरहेकोमा उक्त कार्य सम्पन्न प्रतिवेदनमा शिक्षा विकास तथा समन्वय इकाईका तत्कालिन सव-इन्जिनियर निरज कुमार झाले तयार गरी श्री माध्यमिक विद्यालयका तत्कालीन प्रधानाध्यापक राम विलास यादव र शिक्षा विकास तथा समन्वय इकाई सुनसरीका तत्कालीन कार्यालय प्रमुख रमेश बहादुर दाहाल समेतले सहीछाप गरेको देखिएको ले कार्यसम्मपन्न प्रतिवेदन समेत प्रमाणहरुको आधारमा प्रतिवादीहरुलाई अभियोग मागदावी वमोजिमसजाय गर्नुपर्नेमा प्रतिवादीको बदनियत वस्तुगत रुपमा तथ्यगत **परिस्थितिको आधार Objective factual circumstance बाट** पुष्टि हुन नसकेको भन्ने आधार ग्रहण गरी प्रतिवादीहरुलाई आरोपदावीवाट नै सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेकोले वदरभागी छ वदर गरीपाउँ ।<br>• प्रस्तुत मुद्दामा अख्तियार दुरुपयोग अनुसन्धान अयोगको इटहरी कार्यालयवाट खटिएको इन्जिनियर सहितको प्राविधिक छानविन टोलीले सो छात्रा शौचालयको स्थलगत नापजाँच गर्दा उक्त शौचालयको वास्तविक कार्यमा रू. ३,१४,११७।७६ (तीन लाख चौध हजार एक सय सत्र रूपैया छहत्तर पैसा) मात्र खर्च भएको स्थलगत मुचुल्का सहितको प्राविधिक प्रतिवेदनवाट देखिएको साथै उक्त शौचालय निर्माणमा खर्च भएको वास्तविक रकम र भुक्तानी भएको खर्च बीचको फरक रकम रू. १,८६,७६५।९६ (एक लाख छयासी हजार सात सय पैसठी रूपैया पैसा छयानव्वे) वदनियत पूर्वक गैरकानुनी लाभ वा हानी पुर्याइ भ्रष्टाचार गरेको भन्ने अवस्था पुष्टि भईरहेको अवस्थामा वास्तविक कार्य भन्दा बढी रकमको गलत प्रतिवेदन तयार गरी सरकारी रकमको गैरकानुनी रुपले हानी नोक्सानी पुर्याएको पुष्टि भईरहेकोमा उक्त प्रमाण कागजहरुको अन्देखा गरी प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण हुँदा बदरभागी छ वदर गरीपाउँ ।<br>• अख्तियार अनुसन्धान आयोगवाट खटिएका कर्मचारीहरु लेखनाथ दाहाल, आदर्श अधिकारी र शैलेश दासले उक्त स्थानको नापजाँच मुचुल्का गरी मिति २०७९।०२।३१ मा स्थलगत नापजाँच प्रतिवेदन र मुचुल्का समेत पेश गरेको देखिन्छ। जसमा स्पष्ट रूपमा केवल रु. ३,१४,११७।७६ को मात्र कार्य सम्पन्न भएको देखाइएको छ। तर, प्रतिवादीहरूले कार्य सम्पन्न प्रतिवेदनमा रु. ५,२३,६२१।५४ को काम देखाएर बढी रकम भुक्तानी दिएको भन्ने मिसिल संलग्न प्रमाणकागजवाट देखिन्छ ।विशेष अदालतले "कम गुणस्तर, स्वरूप परिवर्तन वा बदनियत छैन" भनेर सफाइ दिएको भए पनि लेखनाथ दाहाल समेतले आयोगको तर्फवाट तयार गरिएको वस्तुगत प्रमाणयुक्त स्थलगत मूल्याङ्कन र त्यो प्रमाणले देखाएको वास्तविक निर्माण र खर्चको भिन्नताले झुटो प्रतिवेदनमार्फत गैरकानुनी रकम भुक्तानी गरिएको कुरा स्वत प्रमाणित भईरहेको अवस्थामा **प्रमाण ऐन,२०३१ को दफा २२ र २४ अनुसार** सरकारी दस्तावेज, प्राविधिक प्रतिवेदन र बिलहरूलाई समेतको आधारमा प्रमाण विश्लेषण र मूल्यांकन गरी फैसला गर्नुपर्नेमा स्थलगत निरीक्षण एवं नापजाँच |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | विलास यादवलाई आरोपदावीवाट नै सफाई हुने गरी गरी फैसला भएको देखिन्छ। | | सहितको मुचुल्का लगायतका आधिकारिक प्रतिवेदन समेतलाई उपेक्षा गर्दै प्रतिवादीको वकपत्र र अनुमानमा आधारित विश्लेषणलाई आधार मानी भएको विशेष अदालतको फैसला अपर्याप्त र त्रुटिपूर्ण रहेकोले उक्त फैसला बदर गरीपाउ ।<br>• प्रस्तुत मुद्दामा लागत अनुमानभन्दा **कम काम भएको, गलत कार्य सम्पन्न प्रतिवेदन र स्थलगत मूल्याङ्कन** यी सबैले आफैंले अनियमितता बोल्छन्। यस्तो अवस्थामा दोष प्रमाणित गर्न बदनियतको प्रमाण खोज्न आवश्यक नदेखिरहेको अवस्थामा **Doctrine of Res Ipsa Loquitur (घटना आफैं बोल्दछ सिद्धान्त)**को आधारमा प्रतिवादीहरुलाई आरोपदावी वमोजिम नै कसूर ठहर गरी सजाय गर्नुपर्नेमा प्रतिवादीहरुको वदनियत नरहेको भन्ने आधार ग्रहण गरी भएको विशेष अदालत काठमाण्डौंको फैसला त्रुर्टिपूर्ण भई वदरभागी रहेको छ ।<br>• उक्त शौचालयको निर्माण कार्यको लागत स्टिमेट बमोजिम निर्धारित शर्त तथा मापदण्ड विपरित निर्माण कार्य गर्ने गराउने, लागत अनुमान विपरित कार्य गरी गराई वास्तविक कार्य भन्दा बढी रकमको कार्य सम्पन्न मुल्यांकन प्रतिवेदन तयार गरी सरकारी रकम रू. १,८६,७६५।९६ (एक लाख छयासी हजार सात सय पैसठी रूपैया र छयानव्वे पैसा) गैर कानुनी लाभहानी पुर्याउने कार्यमा प्रत्यक्ष संलग्न रहेको भन्ने मिसिल संलग्न कागज विद्यालयका तत्कालिन प्रधानाध्यपक राम विलास यादव र प्राविधिक मूल्यांकन गर्ने शिक्षा विकास तथा समन्वय इकाई सुनसरीका तत्कालिन सव इन्जिनियर निरज कुमार झा र शिक्षा विकास तथा समन्वय इकाई सुनसरीका तत्कालिन प्रमुख रमेश बहादुर दाहालले छात्रा शौचालय निर्माण कार्यका लागि रकम रू. ५,००,०००।- (पाँच लाख रूपैया) को प्रदेश नं. १ सामाजिक विकास मन्त्रालयवाट शिक्षा विकास तथा समन्वय इकाई इनरूवा सुनसरी मार्फत् गरेको सम्झौता विपरित गलत मनसायले कार्य गरी वढी मुल्यांकन गरी गराई रू.१,८६,७६५।९६ (रू. एक लाख छयासी हजार सात सय पैसठी रूपैया र छयानव्वे पैसा) वरावरको सरकारी रकम वदनियतपूर्ण तरिकाले भुक्तानी गरी भ्रष्टाचार गरेको पुष्टी भईरहेको अवस्थामा प्रतिवादीहरुको वदनियत नरहेको भन्ने आधार ग्रहण गरी प्रतिवादीहरुलाई आरोपदावी बाट नै सफाई दिने ठहर गरी भएको फैसला त्रुर्टिपूर्ण रहेकोले वदरभागी छ ।वदर गरीपाउँ ।<br>• प्रतिवादीहरुमध्ये प्रतिवादी निरज कुमार झाले स्थलगत रुपमा भएको कामको यकीन नापजाँच नगरी बास्तविक भएको कार्यभन्दा बढी कार्य भएको देखाई बास्तविक रुपमा रु.३,१४,११७।७६ (तीन लाख चौध हजार एकसय सत्र रूपैया र छहत्तर पैसा) मूल्याङ्कन गर्नु पर्नेमा सोभन्दा रु.१,८६,७६५।९६(एक लाख छयासी हजार सात सय पैसठी रूपैया र छयानव्वे पैसा) बढी मूल्याङ्कन गरी कार्य सम्पन्न मूल्याङ्कन प्रतिवेदन तयार गरेको, प्रतिवादीहरु श्री माध्यामिक विद्यालयका तत्कालिन प्रधानाध्यापक रामविलास यादव र शिक्षा विकास तथा समन्वय इकाई सुनसरीका तत्कालिन कार्यालय प्रमुख उप-सचिव रमेश बहादुर दाहालले निज शिक्षा विकास तथा समन्वय इकाई सुनसरीका तत्कालिन सव इन्जिनियर निरज कुमार झाले पेस गरेको गलत कार्यसम्पन्न प्रतिवेदनमा सही गरी निजहरुले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ (२) बमोजिमको कसुर समेत गरेको भन्ने पुष्टि भईरहेको अवस्थामा सो तर्फ अन्देखा गरी प्रतिवादीहरुलाई आरोपदावीवाट नै सफाई दिने गरी भएको फैसला त्रुर्टिपूर्ण रहेकोले वदरभागी छ। वर गरीपाउँ ।<br>• यदि कुनै कार्यमा विभिन्न व्यक्तिहरूको सहभागिता रहेर संयुक्त निर्णय वा कार्यसम्पादन भएको हो भने सबैजना दायित्वमा सहभागी हुन्छन्।यसमा गलत कार्यसम्पन्न प्रतिवेदन तयार गर्ने निरज कुमार झा,त्यसमा सही गर्ने प्रमुख रमेशबहादुर दाहाल,निर्माण गराउने रामविलास यादव यी सबै **एकै कसूरको श्रृंखलामा सहभागी** रहेको भन्ने देखिन्छ ।यस अवस्थामा अदालतले **Doctrine of Constructive Liability** संयुक्त जिम्मेवारीको सिद्धान्त अनुसार प्रतिवादीहरुलाई कसूरदार ठहर गरी आरोपदावी वमोजिम नै सजाय गर्नुपर्ने विशेष अदालत काठमाण्डौंबाट फैसला हुँदा अदालतले मिलेमतो र संलग्नताको मूल्याङ्कन नगरी प्रतिवादीहरुलाई आरोपदावीवाट नै सफाई दिने गरी भएको शुरु विशेष अदालतको फेसला त्रुर्टिपूर्ण भउकोले वदरभागी छ वदर गरीपाउ। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | • माथि उल्लेखित आधार कारण र प्रमाणहरुबाट प्रतिवादीहरु रमेशबहादुर दाहाल, निरज कुमार झा र राम विलास यादवलाई विशेष अदालत काठमाडौंवाट फैसला हुँदा निजहरुलाई आरोपदावीवाट नै सफाई दिने ठहर गरी भएको प्रस्तुत फैसला प्रमाण, कानून र न्यायको सिद्धान्त विपरित रहि त्रुर्टिपूर्ण देखिएकोले निज प्रतिवादीहरु उपर आरोपपत्र मागदाबी बमोजिम सजाय गरीपाउँ । |